श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले हातहतियार खरखजाना नियमावली, २०२८ को नियम १६घ. ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-११क. को सट्टा देहायको अनुसूची-११क. राखी हेरफेर गरेको छ ।

"अनुसूची ११क.

(नियम ६ को उपनियम (१) र नियम १० को उपनियम (१) सँग सम्बन्धित)

हातहतियार र खरखजानाको इजाजतपत्र दस्तुर एवं नवीकरण दस्तुर

(क) हातहतियार राख्ने इजाजतपत्रः-

| | इजाजतपत्र दस्तुर | | नवीकरण दस्तुर | |
|---|---|---|---|---|
| | जिल्लाभर | अधिराज्यभर | जिल्लाभर | अधिराज्यभर |
| १ पिस्तोल, रिभलवर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्येकको रु. | २००।- | ३००।- | ५००।- | ७५०।- |
| २. टोटावाला बन्दुक वा मिनिएचर राइफल प्रत्येकको रु | २००।- | ३००।- | १५०।- | ३००।- |
| ३. भरूवा बन्दुक प्रत्येकको रू. | २००।- | २००।- | १००।- | २००।- |
| ४. हावाबारी बन्दुक प्रत्येकको रू. | १००।- | २००।- | २००।- | ३००।- |

(ख) हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्रः-

| | इजाजतपत्र दस्तुर | नवीकरण दस्तुर |
|---|---|---|
| १. हातहतियारको रु | १२,०००।- | ४,०००।- |
| २. खरखजानाको रु. | १२,०००।- | ४,०००।- |
| ३ हातहतियार खरखजाना दुवैको रु. | २४,०००।- | ८,०००।- |

(ग) हातहतियार खरखजाना बिक्री गर्ने इजाजतपत्रः-

| | इजाजतपत्र दस्तुर | नवीकरण दस्तुर |
|---|---|---|
| १. हातहतियारको रु. | २,०००।- | १,०००।- |
| २. खरखजानाको रु. | २,०००।- | १,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२०

| | | | |
|---|---|---|---|
| ३. | हातहतियार खरखजाना दुवैको रू. | ४,०००।- | २,०००।- |
| (घ) | हातहतियार मर्मत गर्ने इजाजतपत्र रू. | १,०००।- | ३००।- |

(ङ) यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स):

| | | |
|---|---|---|
| १. | पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्येकको रू | २००।- |
| २. | टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको रू. | १००।- |
| ३. | भरूवा बन्दुक प्रत्येकको रू. | ५०।–" |

आज्ञाले,
अनन्तराज पाण्डे
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले विमानस्थल दस्तुर नियमावली, २०३८ को नियम १९क. ले दिएको अधिकार प्रयोग गरी अवतरण दस्तुरमा आन्तरिक उडानका विमानस्थलमा तीस प्रतिशत र अन्तर्राष्ट्रिय उडानका विमानस्थलमा बीस प्रतिशतका दरले यो सूचना प्रकाशन भएको मितिदेखि दुई वर्षसम्मको लागि छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
ऋद्धिबाबा प्रधान
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

129

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।